# बुंगल नगरपालिकाको आ.ब २०८०/०८१ को दोस्रो सार्बजनिक सुनुवाई कार्यक्रम २०८१

**पृष्ठभूमिः-**

**"शिक्षा, स्वास्थ्य, कृषि, सुशासन र पूर्वाधार, बुङ्ग्ल विकासको आधार"**

**सर्वप्रथम संघीय, लोकतान्त्रिक, गणतन्त्रात्मक राज्य स्थापना गर्न यो देशको लागि जीवन बलिदान गर्नु हुने सम्पुर्ण महान ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण हार्दिक श्रदान्जलि अपर्ण गर्दछौ । घाइते तथा अपाङ्गता भएका व्यक्तिहरुप्रति उच्च सम्मानका साथ सहानुभुति प्रकट गर्दछौ ।**

**२०७२ सालमा नेपालको नयाँ संविधान जारी भएपछी संघीय राज्य पुनसंरचना अन्तर्गत नेपाललाई ७ वटा प्रदेश ७५३ वटा स्थानीय तहमा विभाजित गरियो । उक्त विभाजन अन्तर्गत बझाङ्ग जिल्लाको पुर्व वाँच वटा गाउँ विकास समितिहरु दहबगर खिरातडी पिपलकोट कफलसेरी र देउलीकोटलाई मिलाएर बुङ्ग्ल नगरपालिका कायम गरियो । पंचायत कालमा विकेन्द्रीकरण अन्तर्गत स्थानीय निकायको रुपमा गाउँ पंचायतहरु गठन गरिनु अघि बुङ्ग्ल गर्खाको नाममा यो क्षेत्र एउटै थियो । यसरी नयाँ राज्य पुर्नसंरचनाले झण्डै हराएको बुङ्ग्ल पुनः जीवित भयो ।**

**नेपालको संविधानले व्यवस्था गरे बमोजिम मुलुकमा संघिय शासन प्रणाली कार्यान्वयन भईरहेको वर्तमान सन्दर्भमा यो नगरपालिकाआर्थिक, सामाजिक विकास, भौतिक पुर्वाधार निर्माण, कृर्षि, जलस्रोत,पर्यटन विकास र सुशासन प्रवर्धनको दिशामा अघि बढि रहेकोछ । उपल्ब्ध स्रोत साधनको परिचालन गरी नगरपालिकाको "शिक्षा, स्वास्थ्य, कृषि, सुशासन र पूर्वाधार, बुङ्ग्ल विकासको आधार" को लक्ष्य पुरा गर्ने दिशामा अग्रसर छौं ।**

**स्वाधिन, समुनन्त एवंम आत्मनिर्भर अर्थतन्त्र निर्माणको आवश्यकता र संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधार निर्माण गर्न जरूरी भएकोले गरिबीको रेखामुनि रहेका तथा विभेद र वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदाय लगायत सबै नगर बासीको बिकास र समृद्धिको आकाँक्षा सम्बोधन गरर्ने कुरामा केन्द्रित रहेका छौ ।**

नेपालको संविधान जारी भई मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको करिब ९ बर्ष पुरा भएको छ । संघ, प्रदेश र स्थानीय तह नेपालको मुल राज्य संरचना हो । यी तीन वटै तहले नेपालको राज्य शक्तिको प्रयोग संविधान तथा कानुन बमोजिम प्रयोग गर्दै आएका छन । संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार उल्लेख भएको र त्यस्तो अधिकारको प्रयोग संविधान, संघीय कानून, प्रदेश कानून र गाउँसभा वा नगरसभाले बनाएको कानुन बमोजिम हुने व्यबस्था रहेको छ ।

## भौगोलिक अवस्थितः

यस नगरपालिकाको पूर्वमा सुर्मा गाउँपालिका र केदारस्यू गाउँपालिका, पश्चिममा बैतडी जिल्लाको पुर्चौडी नगरपालिका, उत्तरमा दार्चुला जिल्लाको लटिनाथ मार्मा  गाउँपालिका तथा दक्षिणमा वित्थडचीर गाउँपालिका पर्दछन् । यस नगरपालिकाको क्षेत्रफल ४४७.५९ वर्ग कि मि छ भने बुङ्गल नगरपालिकाको कूल जनसंख्या ३८,८०५ रहेको छ । आर्थिक रुपले सक्रिय जनसंख्याको अनुपात छ । दहबगरको उत्तरी भाग हिमाली भेगमा पर्दछ भने बाँकी भु-भाग पहाडी क्षेत्रभित्र पर्दछ । जलवायु चाहि दहबगर र कफलसेरीको उच्च भागमा चिसो छ भने बाँकी भागमा समसितोष्ण हावापानी छ । वार्षिक औषत वर्षा ५० देखि १५० मिलिमिटर हुन्छ । ११ वडामा विभाजित यो नगरपालिका बझाङ्ग जिल्लामा सबै भन्दा बढी जनसंख्या भएको नगरपालिका हो । यहाँका नदी तटमा उब्जाउ जमिन भएकोले बाक्लो जनआवादी रहेको छ ।

# उद्देश्यहरुः

१ स्थानीय तहलाई जनताप्रति जवाफदेहि बनाई पालिकाको विषयगत ईकाई र सो अन्तर्गतका निकायका प्रतिनिधि र सर्वसाधारण नागरिक बीचमा विश्वासको वातावरण सिर्जना गर्न ।

२ नगरपालिकाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरीय बनाउने । नगरपालिकाको वार्षिक योजना अनुसार सञ्चालन भएका कार्यक्रमहरुको लक्ष्य उद्देश्य  बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चबारे सरोकारवालाहरु वीच आदान प्रदान गरी जानकारी गराउने ।

३ कार्यक्रम सञ्चालन गर्दा देखिएका चुनौती उपलब्धि सिकाईलाई सार्वजनिक गरी श्रोत साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिने दिने अवसर सृजना गर्न ।
४ नगरपालिकाको वार्षिक योजना तथा गतिविधिहरुको लेखाजोखा र मूल्याङ्कन गरी भावी कार्य योजनाका लागि सुझाव संकलन गर्न ।
५ नगरपालिकाको योजना र कार्य सम्पादनको अवस्था विश्लेषण आगामी योजनाका लागि आवश्यकता पहिचान र कार्यान्वयनका लागि प्रतिवद्धता सहितको दस्तावेज तयार गर्न ।

## १ शिक्षा तर्फः-

- ❖ राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को व्यवस्था बमोजिम यस नगरपालिकाको स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।
- ❖ १४ औँ जिल्ला स्तरिय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागी भई यस नगरपालिकाले १३ स्वर्ण पदक सहित प्रथम स्थान हासिल गर्न सफल भएको छ ।
- ❖ शैक्षिक सुशासन तथा गुणस्तरका अभिवृद्धिका लागि विद्यालय मर्ज तथा डाउन साइज गर्ने कार्य सम्पन्न गरिएको छ । साथै शिक्षक दरवन्दी मिलान गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- ❖ विद्यालयहरुलाई भौतिक पूर्वाधार सुधारका लागि यस नगरपालिकाका विभिन्न विद्यालयहरुमा ४ कोठे भवन र २ कोठे भवनको निर्माण कार्य सम्पन्न भएको छ ।
- ❖ सामुदायिक माध्यमिक विद्यालयमा ३ वटामा आई.सि.टि ल्याव ३ वटामा विज्ञान प्रयोगशाला स्थापना गरिएको छ ।
- ❖ यस नगरपालिका भित्रका केहि विद्यालयहरुलाई नमूनाको रुपमा अंग्रेजी र नेपाली दुवै माध्यमबाट पठन पाठन कार्य सञ्चालन गरिएको छ ।
- ❖ विद्यालयको शैक्षिक सुधार तथा सुशासनका लागि अनुगमन तथा निरीक्षण कार्यलाई कडाईका लागु गरिएको छ ।
- ❖ आधारभूत तथा माध्यामिक बिद्यालायका शिक्षकहरुका लागि आई.सी.टि, इ.मि.स, पेसागत कस्टमाइज्ड तालिम संचालन गरी शिक्षकको पेशागत बिकास तथा शिक्षकहरुलाई उत्प्रेरणा प्रदान गरिएको छ |

- कक्षा ८ को परिक्षालाई नगरपालिका स्तरबाट संचालन तथा ब्यबस्थापन गरिएको छ|
- कक्षा १० र १२ को परीक्षालाई थप ब्यबस्थित, मर्यादित र भयरहित तरिकाले संचालन गरिएको छ|
- जनतासंग मेयर कार्यक्रम अन्तरगत एस. ई.ई. दिएका विद्यार्थीहरुका लागि १ महिने बृज कोर्ष तथा करियर काउन्सिलिङ तालिम कार्यक्रम सञ्चालन गरिएको छ ।
- शैक्षिक क्यालेन्डर निर्माण गरी नगरपालिका स्तरमा शैक्षिक कार्यकलापहरुमा एकरुपता कायम गरिएको छ ।
- नगरपालिकाको ७ वटा विद्यालयमा बाल मैत्री वास कर्नर ब्यवस्थापन गरिएको छ ।
- छात्राहरुलाई आत्मा सुरक्षा तालिम संचालन गरिएको छ|

## विद्यालयको विवरणः

- १ क्याम्पस १
- २ आधारभूत तह ५८
- ३ माध्यमिक तह १४
- ५ बालविकास ५

## शिक्षा तर्फका कर्मचारीहरुको विवरण र जम्मा विद्यार्थी संख्याः

| सि न | कर्मचारीको विवरण | शिक्षक संख्या |
|---|---|---|
| १ | आधारभूत तह १ ५ | २१६ |
| २ | आधारभूत तह ६ ८ | ४५ |
| ३ | माध्यमिक तह ९ १० | ४२ |
| ४ | माध्यमिक तह ११ १२ | २८ |
| ५ | कार्यालय सहायक | १४ |
| ६ | बालकक्षा शिक्षक | ३४ |
| ७ | कार्यालय सहयोगी | ८५ |
| ८ | पालिका बालकक्षा | ७ |
| ९ | शिक्षण सिकाई अनुदान शिक्षक ९ १० | ११ |
| १० | शिक्षण सिकाई अनुदान ६ ८ | ९ |
| ११ | जम्मा विद्यार्थी संख्या | १२५४७ |

## २ भौतिक पूर्वाधार तर्फः

- बुर्भाधार कार्यालय चैनपुर बाट बागथाला बिजगडा हुदै कफलसेरी सम्मको सडक खण्ड मध्ये बगथाला बिजगडा सम्म कालोपत्रे भई सडक स्तरोन्नती हुने कार्यसम्पन्न भएको छ र बिजगडा देखि कपलसेरी सम्म निर्माणको चरणमा रहेको छ|
- नगरपालिकाभित्रका सबै वडामा सडक सञ्जालको पहुँच पुग्नुका साथै वित्थड-सुवालेक-हिनगडा-झापा-रनलेक खडक खण्ड तथा लिमकुसेना-पुतलीलेक सडक खण्डको स्तरोन्नतीको काम द्रुतगतिमा अगाडी बढेको छ । चालु आर्थिक वर्षमा मात्रै कालोपत्रे सडक ४ किलोमिटर र १०.५ किलोमिटर सडक निर्माण गरी सञ्चालनमा ल्याईएको छ । बुंगल नगरपालिका भित्रका अन्य सबै गरेर लगभग ८० कि मि ग्रामिण सडक सरसफाई गर्ने कार्य सम्पन्न गरिएको छ |
- नगरपालिका भित्रको उत्पादनमूलक उर्वर भूमिलाई सिञ्चित गरी उत्पादकत्व अभिवृद्धि गर्न ८ हजार मिटर सिचाई कुलो निर्माण कार्य सम्पन्न गरिएको छ ।
- पालिकाभित्रका विभिन्न वस्तीहरुमा स्वच्छ खानेपानी तथा सरसफाईको पहुँच विस्तर गर्न १२१ वटा खानेपानी आयोजनाहरुको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याईएको छ ।
- यस नगरपालिकाका विभिन्न बस्तीहरुलाई जोड्नको लागि ४८ सय मिटर गोरेटो बाटोको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याईएको छ ।
- यस बुङ्गल नगरपालका वडा न ६ र ८ जोड्ने १ वटा स्टिल ट्रस्ट पुल र नगरपालिका भरि ५ वटा कल्भर्ट निर्माण गरी सञ्चालनमा ल्याईएको छ ।
- बुङ्गल नगरपालिका भित्रका विभिन्न बस्तीहरुमा भएका समस्याहरुलाई मध्येनगर गरी जीविकोपार्जनमा सहजताका लागि ४ वटा सुधारीएको पानी घट्टको निर्माण गरी सञ्चालनमा ल्याईएको छ ।
- नगरपालिका अन्तर्गतको निर्माणाधिन प्रक्रियामा रहको विशेषज्ञ सेवा सहितको १५ सैँयाको नगर अस्पतालको निर्माण कार्य द्रतगतिमा निर्माण कार्य अगाडी बढिरहेको छ ।
- बुङ्गल नगरपालिकाका गाउँ टोलहरुमा बिद्युत प्रसारण लाइनको विस्तार गरिएको छ साथै थप वडाहरुमा बिधुत लाई बिस्तारको कार्य ठेक्का प्रक्रिया पुरा भई नगरपालिकाको पहलमा निर्माणको चरणमा रहेको छ ।
- नगरपालिका प्रसासकिय भवनको काम सम्पन्न भई हस्तान्तरनको चरणमा रहेको छ|

- वडा नं. ७ को प्रशासकीय  भवन ठेक्का प्रकिया सम्पन्न भई निर्माण  चरणमा रहेकोछ ।
- १४ वटा मन्दिरहरुकोको निर्माण कार्य सम्पन्न भएको छ ।
- सडक बोर्ड र पालिकाको साझेदारीमा सडक स्तरोन्नति गर्ने कार्य संचालन भईरहेको छ ।
- बिद्यालय, वडा कार्यालय, नगरपालिका र स्वास्थ्य संस्था गरी १० वटा संस्थाको घेरबार निर्माण गर्ने कार्य सम्मपन्न भएको छ ।
- नगरपालिका भित्र उपभोक्ता समिति मार्फत जम्मा ३५२ वटा योजन्रा संम्पन्न भएको छ भने ठेक्कापट्टा बाट १० वटा र कोटेसन सोझै खरिद बाट ५ वटा योजना सम्पन्न भएको छ ।
- ८ वटा बिद्यालय भवनको निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।
- ४ वटा आधारभूत स्वास्थ्य केन्द्रका भवन निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।
- प्रदेश सरकारको सहयोगमा बुंगल नगरपालिका वडा नं. ४ को खिरातडी गाउ जाने बाटो मा रेलिङ सहितको पी सी सी बाटो निर्माण कार्य सम्पन्न भएको छ ।

## ३ पोषण तर्फः-

- ❖ यस बुङ्गल नगरपालिकाभित्र महिला सहकारी तथा महिला समूहका ५५ जना आमाहरुका आमाहरुलाई आय आर्जनका लागि व्यवसायी कार्यक्रम सञ्चालन गरिएको छ ।
- ❖ पिपलकोट स्वास्थ्य चौकीमा ओ.टी.सि स्थापना गरि खिरातडी स्वास्थ्य चौकि, दहबगर स्वास्थ्य चौकी, कफलसेरी स्वास्थ्य चौकी र देउलीकोट स्वास्थ्य चौकीको ओ.टि.सीको सुदृढीकरण गरिएको छ ।
- ❖ वडा नं. १, २ र ८ लाई पोषण मैत्री वडा घोसणा गर्ने कार्यको थालनी भएको छ ।
- ❖ एक घर एक करेसा बारी अन्तरगत वडा नं. १, २ र ८ मा ३० वटा घर परिवारमा करेसा बारी निर्माण गरिएको छ ।
- ❖ वडा नं. १, २ र ८ को ३ वटा टोलमा स्वक्ष खानेप्री र सरसफाई अन्तरगत ८२ वटा बाल मिति धारा र ७७ वटा च्याङ निर्माण गरिएको छ ।
- ❖ वडा नं. १, २ र ८ का दिवा खाजा  कार्यक्रम संचालनमा रहेका ७ वटा बिद्द्यालयमा वास कर्नर निर्माण गरिएको छ ।

- वडा नं. १, २ र ८ मा पोषण लेखाजोखा तथा पहिचान, बहुक्षत्रिया पोषण प्याकेज तालिम, पोषण सरसफाई, बालविवाह, छाउपडी, घरेलु हिंसा, छुवाछुत कार्यक्रम महिला समुह र किशोरी संजाल कार्यक्रम मार्फत संचालन गरिएको छ|
- पोषण तथा सरसफाईका लागि बालविकास सहजकर्ता र आय आर्जन सम्बन्धि पालिका स्तरीय कार्यक्रम संचालन गरिएको छ

## ४ कृषि तर्फः-

- हिउदे तरकारीहरु तथा खाद्यान्न वालीको वीउ वितरण गरिएको छ ।
- १६ वटा ठाउमा आलु बालि पकेट क्षेत्र निर्माण गरि अलुपकेट कार्यक्रम संचालन गरिएको छ|
- ४ वटा पोखरी र २ वटा सिचाई कुलो गरि साना सिचाई कार्यक्रम गरि ६ वटा साना सिचाई कार्यक्रम संचालन गरिएको छ|
- वडा नं ११ मा १३०० वटा ओखर बोट रोप्ने कार्य सम्पन्न गरिएको छ|
- वडा नं. १, २ र ८ मा ३० वटा परिवारलाई एक घर एक करेसावारी कार्यक्रम अन्तर्गत प्लास्टिक टनेल, गार्डेन पाइप र बिउ वितरण कार्य सम्पन्न गरिएको छ|
- नगरपालिका भरि ३० वटा कृषक समूह दर्ता गरिएको छ|
- २ जना किसान लाइ हाते ट्याक्टर करिद गरि किसान लाई हस्तान्तरण गरिएको छ|
- २ जना किसानलाई कलमे बोट तालिम दिने कार्य गरिएको छ|
- जानकारी भएको ठाउमा किशानको घर दैलोमानै गाई कृषि बालीको निरीक्षण र उपचार गरिएको छ|

## ५ पशुपंक्षी बिकास शाखा

- नगरपालिका भरि १० हजार भेडा बाख्रालाई पी.पी.आर खोप लगाउने कार्य सम्पन्न गरिएको छ|
- नगरपालिका भरि ११ वटा किसानलाई भकारो सुधार कार्यक्रम अन्तरगत ११ वटा गोठको सुधार गर्ने कार्य सम्पन्न गरिएको छ|
- नगरापालिका भरि १९ वटा कृषि समूहलाई जमुनापारी क्रस बोका वितरण गर्ने कार्य सम्मपन्न गरिएको छ|
- २२ वटा गाई भैसी लाई कृतिम गर्भधारण गराउने कार्य गरी नगरपालिकामा गाई भैसीको कृतिम गर्भधारण गर्ने कार्यको थालनी गरिएको छ|

- ❖ ६ हजार गाई भैँसीको स्वास्थ्य उपचार घर दैलोमा गई उपचार गर्ने कार्य सम्पन्न गरिएको छ।
- ❖ ३ वटा मरेका रेविज संकास्पत गाई बस्तुको पोस्टमाटमका लागी नमुना संकलन गरी धनगढी पठाउने कार्य सम्पन्न गरिएको छ।
- ❖ नगरपालिका भरि ३७० वटा कुकुरहरुमा रेबिज बिरुद्धको खोप लगाउने कार्य सम्पन्न गरिएको छ।
- ❖ नगरपालिका भरि २०० वटा गोबरको नमुना संकलन गरि परिक्षण गर्ने कार्य सम्पन्न गरिएको छ।
- ❖ वडा नं ११ मा पशु स्वास्थ्य शिविर सम्पन्न गरिएको छ।
- ❖ बुंगल नगरपालिका भरीमा पशु बन्ध्यारणन कार्यक्रम सम्पन्न गरिएको छ।

## ६ रोजगार सेवा केन्द्र

❖ नगरपालिका भरि ६५ जना लाई १०० दिन बराबरको स्वरोजगार कार्यकम संचालन गरि पी.सी.सी बाटो ८२८ मिटर, सोलीङ बाटो १३४० मिटर, पी.सी.सी कुलो ३९० मिटर, १ विद्यालय र १ वडा कार्यालयको घेराबर निर्माण र १ वटा विद्यालय भवन निर्माण कार्य सम्पन्न गरिएको छ।

❖ "श्रमको सम्मान रास्ट्रको अभियान, श्रमिकको सम्मान असल कामको आदान प्रदान " कार्यक्रम सम्पन्न गरिएको छ ।

❖ काम संचालन अघि रोजगार गर्ने श्रमिक लाई अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ ।

## ७ लेखा व्यवस्थापन

❖ राजश्व संकलन कार्यलाई अनलाइन मध्यमबाट संकलन गर्ने कार्य सुरुवात गरिएको छ।

❖ सामाजिक सुरक्षा भत्तालाई अनलाइन मध्यमबाट भुक्तानी प्रकिया संचालन गर्ने कार्य गरिएको छ।

❖ नगरपालिकाको सम्पूर्ण भुक्तानी आनलाइन मध्यमबाट गर्ने कार्य गरिएको छ।

❖ पालिकाको चौमासिक आर्थिक प्रगति प्रतिबेदन वेबसाइट मार्फत सार्बजनिक गर्ने गरिएको छ।

## बुङ्गल नगरपालिकाको आ ब २०८०/०८१ को आय व्यय विवरणः

| सिन | क्षेत्र | विनियोज | | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६,२१,९८,००० | आर्थिक विकास | ४,२१,८३,५९० | ६७.८१ |
| २ | सामाजिक विकास | ३८,६५,५१,००० | सामाजिक विकास | ३,४८,४०७,५०३ | ९०.१३ |
| ३ | पूर्वाधार विकास | ९,३८,३९,००० | पर्वधार विकास | ७,६४,००,९४४.९९ | ८१.४२ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धि | ६,३२,०९,०८० | सुशासन तथा अन्तर सम्बन्धित | ५,४४,५७,३४३.९४ | ८६.१५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,०९,३९,००० | कार्यालय संचालन तथा प्रशासनिक | ८,७४,००,४१० | ९६.११ |
| जम्मा | | ६९,६७,३६,०८० | | ६०,८८,४९,७९१.९ | ८७.३८ |

❖

## ❖ नगर संघीय र प्रदेश चालु/पुँजीगत २०८०।०८१ को आय व्याय विवरणः

| सिन | शिर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत | मौजाद |
|---|---|---|---|---|---|
| १ | संघीय चालु | ३०,९६,४२,००० | २९,३०,४९,६५७ | ९४.६४ | |
| २ | संघीय पुँजीगत | २,१६,७५,००० | १,५२,८१,४०३ | ७०.५ | |
| ३ | प्रदेश पुँजिगत | ५४,००,००० | ४९,४०,०७५ | ९१.४८ | |
| ४ | नगरपालिका चालु | १९,८९,१२,५४० | १७,०२,४८,९४३ | ८५.५८ | |
| ५ | नगरपालिका पुँजिगत | १,२९,३९,४००० | १०,६५,०९,१०७ | ८२.३१ | |
| ६ | नगरपालिका शिक्षा | २,३३,८८,००० | १,३०,०८,९५५ | ५५.६२ | |
| ७ | प्रदेश चालु | ७०,५०,००० | ५८,११,६५१ | ८२.४३ | |
| जम्मा | | ६९, ५४, ६१, ५४० | ६०,८८,४९,७९१.२ | ८७.५५ | |

- ❖ आ ब २०८०।०८१ को प्रस्तावित आय ८८,७३,३३,५३५
- ❖ आ ब २०८०।०८१ को वास्तविक आय ८१,५३,४५,४५९
- ❖ आ ब २०७९।०८० को अ.ल्या रकम ४,४८,९४,३१५
- ❖ आ ब २०८०।०८१ को जम्मा मौजाद रकम ६८,८०,२४२
- ❖ आ ब ८०/०८१ को भुक्तानी दिन बाकी रकम २,३९,००,०००
- ❖ आ ब २०८०/०८१ मा संगमा फिर्ता गतेको रकम २,१०,९३,८७७
- ❖ आ.ब २०८०/८१ मा प्रदेस मा फिर्ता गरेको रकम १,१३,९२६
- ❖ आन्तरिक आ ब २०८०/०८१ मा जम्मा आन्तरिक आम्दानि रकम २३,७३,६२८.६९

## ८ संस्थागत ब्यबस्थापन तथा सुशासन अन्तर्गत

❖ उपभोक्ता हकहितलाई मध्यनजर गरि पालिका भरि दर्ता भएका वा नभका गरि जम्मा २२२ वटा पसलहरुमा अनुगमन गर्दा ४,६९,१७३ बराबरको म्याद गुज्रेका वा अबैध तथा अखाद्य बस्तुहरु जफत गरि नस्ट गर्ने कार्य सम्पन्न गरिएको छ ।

❖ पालिका भरि अनुगमन तथा सुपरभिजन गर्ने कार्यलाई कडाईका साथ लागु गरिएको छ |

❖ पालिका भित्रका सम्पूर्ण कार्यालय र नगरपालिकाका शाखालाई हरेक महिना समाप्त भएपछी आफ्नो महिनाभरी गरेको कामको मासिक बैठक मार्फत प्रगति प्रतिबेदन कार्यालय प्रमुखलाई बुझाउने कार्य सञ्चालनमा आएको छ ।

❖ खरिद आदेश र मर्मत आदेश अनलाईन मध्यम (पाम्स) माध्यमबाट हुने काम गरिएको छ |

❖ स्थानीय तह गठन भईसकेपछि दोस्रो पटक पालिकाको निरन्तर सार्बजनिक सुनाई हुने गरि सार्बजनिक सुनाई कार्य सम्पन्न गरिएको छ |

❖ जनताको सेवालाई छिटो छरितो गर्ने गरि हरेक कामको निगरानी हुने गरिएको छ ।

❖ पालिकाबाट हुने हरेक योजना र कार्यको स्थलगत अनुगमन र मुल्यांकन कार्य निरन्तर चलिहरेको छ ।

❖ पालिकाको व्याकहोइ लोडर खरिद गरि प्रयोगमा ल्यायको छ |

❖ अवाधिक योजना कार्य सम्पन्न भएको छ |

❖पालिका भित्रको कित्ताकाट खुलाउन जग्गा बर्गिकरणको तोपो नक्सा तयार्परने कार्य सम्मपन्न भएको छ |

❖बिजगडा बजार परिसरमा ७ वटा अटो स्टेट लाई जडान गर्ने कार्य सम्पन्न भएको छ |

❖१ वटा बलेरो जीव र १ कृषि यम्बुलेन्स खरिद गरि प्रयोगमा ल्याएको छ |

❖विपद ब्यबस्थापन र राहात मार्फत वडा न. २ र ६ मा ३४ जनाघर परिवार लाई पहिलो किस्ता सुरक्षित नागरिक आवास अन्तरगत खरको छाना हटाई तिनको छाना फेर्ने काम सम्पन्न भएको छ र १८८ जना भुकम्म पिडित व्यक्ति लाई पहिलो किस्ता भुक्तानी गरि निर्माण कार्यको थालनी गरिएको छ |

❖

## कर्मचारीहरुको विवरण पालिका र वडा गत

| सि न | कर्मचारीको विवरण | स्थायी | अस्थायी | जम्मा कर्मचारी |
|---|---|---|---|---|
| १ | प्राविधिक शाखामा | ९ | ३ | १२ |
| २ | प्रशासन तर्फका कर्मचारीहरु | ६ | ० | ६ |
| ३ | लेखा शाखामा | २ | ० | २ |
| ४ | सूचना प्रविधि शाखामा | ० | १ | १ |
| ५ | पशु सेवा शाखामा | ६ | ७ | १३ |
| ६ | कृषि शाखामा | ० | ५ | ५ |
| ७ | उद्यम विकास सहजकर्ता | ० | १ | १ |
| ८ | शिक्षा शाखा | १ | ३ | ४ |
| ९ | स्वास्थ्य शाखा | २ | २ | ४ |
| १० | नापजाँच शाखा | १ | ० | १ |
| ११ | पञ्जिकरण शाखा | ० | २ | २ |
| १२ | महिला बालबालिका शाखा | १ | २ | ३ |
| १३ | सामाजिक परिचालक | ० | ८ | ८ |
| १४ | पोषण स्वयंम सेवक | ० | १ | १ |
| १५ | रोजगार शाखा | ० | २ | २ |

| | | | | |
|---|---|---|---|---|
| १६ | आँखा उपचार केन्द्र | ० | ३ | ३ |
| १७ | कार्यालय सहयोगी | ० | २० | २२ (१२ जना वडा सहित) |
| जम्मा कर्मचारी | | २८ | ६० | ८८ |

## ९ स्वास्थ्य तर्फ

- नागरिकको स्वास्थ्य सेवा प्राप्त गर्ने मौलिक हकलाई सुनिश्चित गर्न प्रत्येक वडामा रहेका जम्मा १८ वटा स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाइ, आधारभूत स्वास्थ्य केन्द्र र वर्थिङ्ग सेन्टर मार्फत ३७१२१ जना सेवा गाहिहरुलाई विभिन्न प्रकारका सेवा प्रदान गरिएको छ |
- स्वास्थ्य संस्थाको अनुगमन तथा सुपरभिजन कार्यलाई निरन्तरता गरिएको छ |
- विभिन्न महिला स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि गर्ने कार्य सम्पन्न गरिएको छ |
- बिपन्न नागरिक राहत कोष निर्देशिका अनुसार नगरपालिका भरि १६ जना दिर्घ रोगी तथा बिपन्न नागरिकहरुलाई मासिक रु ५००० उपचार खर्च दिने कार्य निरन्तरता दिएकोएको छ |
- विभिन्न रोगका विशेषज्ञ चिकित्सक सहितको एकीकृत वृहत स्वास्थ्य सेवा शिविर सञ्चालन गरी जम्मा १२०४ जनालाई सेवा प्रदान गरिएको छ |
- जनस्वास्थ्य ऐन २०८० निर्माण भई राजपत्रमा जारि भएको छ |
- २ वाट स्वास्थ्य चौकीमा नया थप गरि जम्मा ४ वटा स्वास्थ्य चौकी मार्फत निसुल्क गर्भपतन सेवा संचालन गरिएको छ |
- बुंगल नगरपालिका बाट संचालन भएको आखा शिबिर बाट जम्मा ७७९ जनाले सेवा लिएका छन|
- नगरपालिका भरि जम्मा ५३९ जना लाई सुरक्षित प्रसुती सेवा प्रदान गरिएको छ |
- बुंगल नगरपालिका भरि गाउघर क्लिनिक बाट १५१८ जना, खोप क्लिनिक बाट ४८५८ जना र महिला स्वास्थ्य स्वम सेविका बाट जम्मा २१०४७ जना सेवा ग्राहीलाई सामुदायि स्तरमा नै गाई सेवा प्रदान गरियको छ |
- ५ बर्ष मुनिका जम्मा जम्मा ३१०८ जना बालबालिका लाई बिबिन्न रोगको उपचारात्मक सेवा प्रदान गरियको छ |
- क्षय रोगका जम्मा ३१ जानाको उपचार गरिएको छ |

- जम्मा ३९ जाना व्यक्ति लाई स्थाई परिवार नियोजनको शिबिर मार्फत सेवा प्रदान गरियको छ |
- १०८१ जना लाई ग्रामिण अल्ट्रा साउण्ड सेवा प्रदान गरिएको छ |
- आखा उपचार केन्द्र मार्फत बर्ष भरि जम्मा ५५० जना लाई सेवा प्रदान गरिएको छ |
- कपलासेरी स्वास्थ्य चौकीका सेवा क्षेत्रका बिद्यालयहरुमा फैलिएको जरोका जम्मा १४८ जना बिरामीलाई   माहामारी जन्य उपचात्मक सेवा प्रदान गरिएको छ |
- स्वास्थ्य चौकीले दिने स्वाको गुणस्तर मापन गर्न न्युनतम स्वास्थ्य सेवा मापदण्डको अबस्थाको अनुगमन मुल्यांकन गरिएको छ |
- खिरातडी स्वास्थ्य चौकी मार्फत २४ घण्टा डाक्टर सहितको इमार्जन्सी सेवा प्रदान गरिएको छ |

| सि न | कर्मचारीको विवरण | स्थायी | अस्थायी | जम्मा कर्मचारी |
|---|---|---|---|---|
| १ | स्वास्थ्य तर्फका कर्मचारीहरु | २४ | ७० | ९४ |

## स्वास्थ्य चौकीहरुको विवरणः

| सि न | स्वास्थ्य चौकीहरुको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी | ५ | |
| २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ४ | |
| ३ | सामुदायिक स्वास्थ्य इकाई | ३ | |
| ४ | सहरी स्वास्थ्य केन्द्र | २ | |
| ५ | खोप केन्द्र | १९ | |
| ६ | बर्थिङ सेन्टर | १४ | |
| ७ | गाउँघर किल्निक | १५ | |
| ८ | महिला स्वास्थ्य स्वयंम सेविका | ४८ | |

## १० महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धि कार्यहरु

- अपाङ्ग परिचय पत्र बर्गीकरण तथा वितरण शिबिर संचालन गरिएको छ|
- वडा स्तरीय महिला जनचेतनामुलक कार्यक्रम संचालन गरिएको छ|
- किशोरीहरुलाई महिनावारी स्वच्छता बालविवाह घरेलु हिंसा न्यूनीकरण अन्तरक्रिया कार्यक्रम संचालन गरिएका छन|
- नेतृत्व बिकास उद्यमशील र ब्यबसायिक मौसमी तथा बेमौसमी तरकारी खेति सम्बन्धि कार्यक्रम संचालन गरिएको छ|
- अनाथ बालबालिकालाई नगद हस्तान्तरण कार्यक्रम संचालन गरिएको छ|
- अनाथ बालबालिकाहरुको संरक्षण गर्ने दायित्वलाई आत्मबोध गर्दै सुरक्षित गास, बास र शिक्षाको लागि अनाथालय लाई सहयोग रहेको छ ।
- सामाजिक बिकास कार्यालयको सहयोगमा महिला ससक्तिकरण कार्यक्रम बिपन्न एकल महिलाहरुका लागि नेतृत्व उद्धेमसिलता र ब्यबसायिक मसमी तथा बेमौसमी तरकारी खेति सम्बन्धि ७ दिने तालिम सहित अनुदान वितरण कार्यक्रम सम्पन्न गरिएको छ|

# ११. न्यायक समितिका

- न्यायक समितिमा मेलमिलप कर्ता छनौटका गरि ३६ जना लाई ४८ घन्टाको मेलमिलाप सम्बन्धि आधारभूत तालिम संचालन गरिएको छ|
- १७ वटा मुद्दा लाई न्यायीक समितिबाट मेलमिलाप माध्यमबाट बिबाद निरुपर्ण कार्य सम्पन्न गरिएको छ|
- मेलमिलाप कार्यविधि २०८० जारि गरिएको छ|
- मेलमिलाप केन्द्रहरुको गठन तथा कानुनि सचेतना मुलक अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ|

## १२. बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धि कार्यहरु

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जम्मा लाभग्राही संख्या ६१३३ जना लाई जम्मा रकम रु १३,८८,७२,०१२ सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ।
- नगरपालिका भरि अनलाइनको मध्यम बाट जम्मा पुरुष ८२१ जना र महिला ७०८ जना गरि जम्मा १८२९ जना जन्म दर्ता गरिएको छ।
- नगरपालिका भरि अनलाइनको मध्यम बाट जम्मा पुरुष १४० जना र महिला ७९ जना गरि जम्मा २१९ जना मृत्यु दर्ता गरिएको छ।
- नगरपालिका भरि अनलाइन माध्याम बाट जम्मा ३ जानको सम्बन्ध बिक्षद दर्ता गरिएको छ।
- नगरपालिका भरि अनलाइन माध्याम बाट जम्मा २६१ बिवाह दर्ता, २६० जनाको बसाई सराई दर्ता र १०३ जना बसाई सराई गरि आएका लाई दर्ता गरिएको छ।

**१३. उद्यम बिकास शाखा**

- ३० जना लाई १ महिने होजियारी सिप बिकास तालिम प्रदान गरियको छ।
- ३० जना लाई १० दिने चुरा पोते, डलकुसन तालिम संचालन गरियको छ\
- समुहमा प्रबिधि हस्तान्तरण कार्यक्रम मार्फत २ वटा समुहलाई १ - १ वटा सिलाई मेसिन र होजियारी मेसिन हतान्तरण गरिएको छ।

**<u>१४. दलित हक अधिकार समिति :</u>**

- **बुंगल नगरपालिका दलित पर्स्स चित्र २०८१, निर्माण**
- **जातीय भेदभाव सम्बन्धि न्यूनीकरण सम्बन्धि जनप्रतिनिधि, दलित हक अधिकार समितिका पदाधिकारी संग अन्तरक्रिया कार्यक्रम सम्पन्न**

## <u>मुख्य उपलब्धिहरुः</u>

**१ नगरपालिकाको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न**
**२ सडक निर्माण तथा स्तरोउन्नती कार्य सम्पन्न**
**३ खानेपानी संरचनाहरुको निर्माण कार्य सम्पन्न**
**४ सामाजिक पूर्वाधारहरुको निर्माण कार्यहरु सम्पन्न**
**५ सामाजिक संस्कृतिक सम्पदाहरुको निर्माण तथा संरक्षण कार्य सम्पन्न**
**६ आर्थिक पूर्वाधार निर्माण तथा विकास कार्य सम्पन्न**
**७ विपद् व्यवस्थापन तथा न्यूनीकरण गर्ने कार्य**
**८ मानव विकास सम्बन्धि अन्य विभिन्न कार्यहरु**
**९ विभिन्न प्रकारका तालिम तथा गोष्टि संचालन**
**१० नगरपालिका र अन्तरगतका कार्यालय मार्फत जना सेवा लाई चुस्त दुरुस्त र छिटो छरितो बनाउन सुशासन तथा कर्मचारी प्रसासन सबल बनाउने कार्य**
**११ खरिद योजना र खरिद कार्यलाई ब्यबस्थित बनाउने कार्य**

# <u>समस्याहरु</u>

**१ योजना छनौटमा**
**२ योजना कार्यान्वयनमा**

३ उपभोक्ता समितिको गठन तथा परिचालन
४ कर्मचारीहरुको कार्य दक्षता र पातलो उपस्थिति
५ कार्य स्थल तथा काम गर्ने वातावरण
६ कार्य तालिका र समय अनुसार काम गर्न नसक्नु
७ भगौलिक कठिनाई
८ कानूनी कठिनाई र साना साना योजना निर्माणले अनुगमनमा कठिनाई
९ ठुलो भगौलिक क्षेत्र
१० बजेट अभाव
११ ठुलो संगठन
१२ न्यून आन्तरिक आम्दानि
१३ बजेट अभाव
१४ हाम्रो श्रोत साधन जनताका न्युनतम अबस्यकतामै सिमित

## चुनौतीहरुः

१ योजना छनौट गर्दा प्राथमिकताका आधारमा गर्दै समयमै पुरा गर्ने ।
२ योजना कार्यान्वयनलाई प्रभावकारी रुपमा अगाडी बढाउने
३ कर्मचारीहरुको अभाव समयमै पुरा गरी विकास निर्माणलाई गतिशिलता दिने ।
४ उपभोक्ता समितिहरुलाई अझै बढी जिम्मेवार बनाउँदै विकास प्रतिवद्धता गराउने ।
५ समयमै योजनाहरुको संचालन र सम्पन्न गर्नुपर्ने विषयहरु
६ खानेपानीको आपूर्ति सहज गर्दै खानेपानीको निरन्तरता दिनुपर्ने विषयहरु
७ सडक विस्तार तथा स्तरोउन्नती गर्ने ।
८ शिक्षा लाई गुणस्तरीय शिक्षा तथा स्तरोउन्नती गर्ने
९ युवा जनशक्तिलाई नगर विकासमा परिचालन गर्ने
१० स्वास्थ्य सेवा लाई सुलब र गुस्तरि सेवा सहितको स्तरोउन्नति गर्ने
११ अन्तरिक आम्दानी लाई बढाउने
१२ ठुला योजना निर्माण गर्न नसक्नु
१३ आबस्यक कानुन निर्माण गर्ने

१४ दक्ष र दरबन्दी अनुसारको कार्मचारी ब्यबस्थापन गर्ने
१५ उपभोक्ता समिति लाई जिम्मेवार बनाउन
१६ कर्मचारी संगठनको (ONM) आबस्यक अध्यन गर्ने
१७ काम गर्ने बातावरण निर्माण गर्ने

## अवसरहरुः

१ प्राकृतिक श्रोत साधनको प्रयाप्त उपयोग गरी राजश्व संकलन गर्न सकिने ।
२ सडक सञ्जालको विस्तार मार्फत स्थानीय कृषि तथा पशुजन्य उत्पादनलाई बजारिकरण गर्न सकिने ।
३ कृषि जन्य वस्तुहरुलाई उत्पादन गरी बजार विस्तार गर्नुका साथै रोजगारी सिर्जना गर्न सकिने ।
४ पर्यटनको विकास र विस्तार
५ जल उपयोग तथा जलविद्‌युत विकास
६ वन पैदावारको उपयोग
७ स्लेट खानीहरुलाई ओधौगिकरण
८ खोल्लेक, बड्डी ज्यावन, प्ररमचुली, धौलाढुङ्गा, थानपाटन, बाइसीधारा जस्ता पर्यटकीय स्थलहरुको प्रचार प्रसार संरक्षण सम्बर्धन ।

## समस्या समाधानका उपायहरुः

१ विकास निर्माण कार्यमा हुने ढिलासुस्ती अन्त्य गर्नुपर्ने
२ विकास निर्माणमा सबैको साझा चासोको विषय बन्नुपर्ने
३ उपभोक्ता समितिको परिचालन र जिम्मेवारिमा विशेष जोड दिनुपर्ने
४ असल कार्य वातावरण निर्माण गरी जनता वा सेवाग्राही, कर्मचारी र जनप्रतिनिधिहरु बीचको विश्वासको वातावरण सिर्जना गर्नुपर्ने ।

५ दक्ष र दरबन्दी अनुसारको कर्मचारीको अभाव अन्त्य गरिनुपर्ने ।
६ कर्मचारीहरुको क्षमता विकास गर्न तालिम सञ्चालन गर्नुपर्ने ।
७ योजना छनौट गर्दा प्राथमिकताका आधारमा गर्दै समयमै पुरा गर्ने ।
८ योजना कार्यान्वयनलाई प्रभावकारी रुपमा अगाडी बढाउने
९ युवा जनशक्तिलाई नगर विकासमा परिचालन गर्ने
१० अन्तरिक आम्दानी लाई बढाउने
११ ठुला योजना निर्माण गर्ने
१२ आबस्यक कानुन निर्माण गर्ने
१३ कर्मचारी संगठनको (ONM) आबस्यक अध्यन गर्ने





# धन्यवाद